श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रियपञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ :-

२०२३ साल को ऐन नं. १४

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अति-प्रबल गोरखादक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रमशाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### गैर-सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– सर्वसाधारण जनताको सुविधा तथा आर्थिक हित कायम राख्नको लागि गैर–सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ "यस पछि मूल ऐन भनिएको" लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाई बक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "गैर–सैनिक हवाई उडान (सिभिल एभिएशन) (संशोधन) ऐन, २०२३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा २ मा संशोधनः– मूल ऐनको दफा २ को खण्ड (घ) पछि देहायको खण्ड (ङ) राखिएको छः–

(ङ) "निर्धारित सिमा" भन्नाले नेपाल गजेटमा प्रकाशित सूचनाद्वारा श्री ५ को सरकारले तोकिदिएको चार किल्ला भित्रको ठाउँ वा क्षेत्रलाई सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल ऐनको दफा ३ मा संशोधनः– (१) मूल ऐनको दफा ३ को उप–दफा (१) को सट्टा निम्नलिखित उप–दफा (१) राखिएको छः–

(१) यो ऐनको उद्देश्य कार्यान्वित गर्न र गैर–सरकारी संस्थालाई निजी हवाई अड्डा बनाउन, राख्न वा सञ्चालन गर्न अनुमति दिने व्यवस्था गर्न र कुनै वायुयान वा कुनै श्रेणीका वायुयान बनाउने, राख्ने, प्रयोग, सचालन, बिक्री, निकासी वा पैठारी गर्ने कामलाई व्यवस्थित गर्न श्री ५ को सरकारले आवश्यकतानुसार नियमहरू बनाउन सक्नेछ ती नियमहरू नेपाल गजेटमा प्रकाशित भएपछि लागू हुनेछन् ।

(२) मूल ऐनको दफा ३ को उप–दफा (२) को खण्ड (ध) को सट्टा देहायको खण्ड (ध) राखिएको छ ।

(ध) हवाई अड्डा राख्न पाउने अवस्था तोक्ने, हवाई अड्डा राख्ने अनुमति (लाईसेन्स) दिने त्यसको निम्न लाग्ने दस्तूर (फी) तोक्ने तथा त्यस्ता हवाई अड्डाहरूको निरीक्षण गर्ने अनुमति नपाएको हवाई अड्डाहरूको प्रयोगलाई मनाही वा नियमित गर्ने सरकारी तथा गैर–सरकारी हवाई अड्डाको प्रयोग (लैन्डीङ हाउसिङ पार्किङ इत्यादि) गर्दा त्यसमा लाग्ने दस्तूर तथा अन्य सुविधा सम्बन्धी दस्तूर तोक्ने हवाई अड्डाभित्र सरकारी तथा गैर–सरकारी व्यक्तिले व्यापार तथा अरू व्यवसायको निमित्त कुनै किसिमको प्रचार तथा प्रसार गरेमा लाग्ने दस्तूर तोक्ने हवाई अड्डाको क्षेत्रभित्र बिक्री गर्ने तेल (फ्यूएल) वा अन्य कुनै पदार्थको रोयल्टी तोक्ने हवाई अड्डाभित्रको सरकारी घर तथा जग्गाको दस्तूर निर्धारित गर्ने ।

(३) मूल ऐनको दफा ३ को उप–दफा (२)को खण्ड (ड) पछि देहायको खण्ड (ढ) र (ण) राखिएका छन् र पहिले रहेको खण्ड (ढ), (ण), (त),(थ), (द), (ध) (न), र (प) लाई क्रमशः (त), (थ), (द), (ध),(न), (प), (फ), र (ब) गरिएको छ ।

(ढ) हवाई अड्डामा वायुयान प्रवेश हुने कुनै किसिमको बाधा हुने गरी हवाई अड्डाको आसपास वा हवाई मार्गमा वा कुनै निर्धारित सीमाभित्र पर्ने जग्गामा कुनै भवन, घर, टहरा, टावर इत्यादि बनाउन दिन वा तोकिए भन्दा बढी उचाइको घर, भवन, टहरा, टावर तथा अन्य कुनै किसिमको निर्माण गर्ने गराउनमा प्रतिबन्ध लगाउने वा भैरहेका घर, भवन, टहरा, टावर, इत्यादिलाई पुरै वा केही भत्काउन लगाउने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

(ण) खण्ड (ढ) अन्तर्गत प्रकाशित नियम अन्तर्गत कसैको घर, भवन, टहरा, टावर, इत्यादि पुरै वा केही भत्कने भएका त्यस्ता व्यक्तिलाई दिने क्षतिपूर्तिको रकम निर्धारित गर्ने तरीका र अधिकार तोक्ने र क्षतिपूर्ति दिने व्यवस्था गर्ने ।

४. मूल ऐनको दफा १२ मा संशोधनः– मूल ऐनको दफा १२ मा रहेको दफा ३ को उप–दफा (२) को खण्ड (ट) वा खण्ड (ण) भन्ने शब्दहरूको सट्टा दफा ३ को उप–दफा (२) को खण्ड (ट) वा खण्ड (थ) भन्ने शब्दहरू राखिएको छ ।

लालमोहर सदर मिति २०२३।५।२४।६

आज्ञाले–
प्रद्युम्नलाल राजभण्डारी
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।